# उत्कृष्ट महिला सहकारी संस्था छनोट सम्बन्धी मापदण्ड, २०७६

प्रदेश सरकार

लुम्बिनी प्रदेश

सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल।

# उत्कृष्ट महिला सहकारी संस्था छनोटसम्बन्धी मापदण्ड, २०७६

प्रथम पटक स्वीकृत मिति: २०७६।१०।१० गते मा. मन्त्रीस्तरबाट स्वीकृत

प्रस्तावना: सामाजिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७६ अनुसार महिलाहरुद्धारा संचालित सहकारी संस्थाहरुबीच सकारात्मक प्रतिष्पर्धा बृद्धि गरी महिला सशक्तीकरणमा योगदान पुर्याउने महिला सहकारी संस्थाहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्न वान्छनीय भएकोले,

सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश ले यो मापदण्ड बनाई जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम "उत्कृष्ट महिला सहकारी संस्था छनोटसम्बन्धी मापदण्ड २०७६" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. <u>परिभाषा:</u> विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "प्रदेश" भन्नाले लुम्विनी प्रदेश लाई सम्झनु पर्दछ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ।

(ग) "डिभिजन कार्यालय" भन्नाले लुम्विनी प्रदेश मा रहेका सामाजिक विकास डिभिजन कार्यालयलाई सम्झनु पर्दछ।

(घ) "कार्यालय प्रमुख" भन्नाले सामाजिक विकास डिभिजन कार्यालय प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) "मार्गदर्शन" भन्नाले मन्त्रालयबाट स्वीकृत "सामाजिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन,२०७६" लाई सम्झनु पर्दछ।

(च) "मापदण्ड" भन्नाले" उत्कृष्ट महिला सहकारी संस्था छनोटसम्बन्धी मापदण्ड, २०७६" लाई सम्झनु पर्दछ।

(छ) "संस्था" भन्नाले लुम्विनी प्रदेश भित्र महिलाहरुबाट मात्र संचालित महिला सहकारी संस्थालाई सम्झनु पर्दछ।

(ज) "उत्कृष्ट संस्था" भन्नाले जिल्ला भित्रको यस मापदण्को आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्थालाई संझनु पर्दछ।

३. <u>योग्यता:</u> उत्कृष्ट सहकारी संस्था छनोट प्रक्रियामा आवेदन दिनका लागि निम्न बमोजिमको योग्यता पुरा भएको हुनुपर्नेछः-

(क) प्रचलित कानून बमोजिम दर्ता भई कम्तीमा ५ वर्ष क्रियाशील रहेको।

(ख) लुम्विनी प्रदेश भित्र कार्यक्षेत्र भएको।



माहादेव पन्थ
सचिव

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

(ग) महिलाहरुबाट संचालित र महिला मात्र शेयर सदस्य रहने व्यवस्था भएको।

(घ) महिला, बालबालिका तथा पछाडी परेका वर्गहरुको सशक्तीकरणको क्षेत्रमा क्रियाशील रहेको।

४. <u>उत्कृष्ट संस्था छनोटका आधारहरु:</u> उत्कृष्ट संस्थाहरु छनोट गर्दा देहायबमोजिमका आधारमा गरिनेछः

**१. संस्थाको परिचयात्मक विवरण**

१. संस्थाको नामः

२. ठेगानाः

३. संस्था दर्ता नं र मितिः

४. जम्मा शेयर सदस्य संख्याः

५. शेयर सदस्य संख्याको खण्डीकृत तथ्यांकः

- दलित
- जनजाती
- मधेशी
- मुस्लिम
- अन्य

६. संस्था अध्यक्षको

नामः

ठेगानाः

टेलिफोन नंः

अध्यक्षको हैसियतमा कार्यरत वर्षः

७. संचालक समिति र लेखा समितिमा दलित समुदायको प्रतिनिधित्वः ........जना

**२. उत्कृष्टताको मूल्याङ्कनका सूचकहरु**

१. ब्यवस्थापकीय कार्यकुशलता

१.१ लेखापरीक्षण नियमित छ, छैन ?

अन्तिम लेखापरीक्षण भएको मिति

१.२ साधारण सभा नियमित बसेको छ, छैन ?

अन्तिम साधारण सभा बसेको मितिः

१.३ संस्थामा कर्मचारीको व्यवस्था छ, छैन ?

१.४ संचालक समितिको बैठक नियमित बसेको छ, छैन ?

गत आ.व. को जम्मा बैठक संख्याः

१.५ संचालक समितिको नियमित निर्वाचन हुने गरेको छ, छैन ?

निर्वाचन भएको अघिल्लो मिति



माहादेव पन्थ
सचिव

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

१.६ संस्थाको भौतिक स्थिति

आफ्नै भवन भएको ☐

भवन निर्माणाधिन ☐

जग्गा मात्र भएको ☐

२. वडास्तरीय समितिको सक्रियताः

२.१ संस्थाको कार्यक्षेत्र अन्तर्गत सबै वडामा समिति गठन भएका छन् छैनन् ?

(क) प्रतिवेदन अवधि भित्र सदस्य बनाई सकिएका कार्यक्षेत्र भित्रका जम्मा वडा संख्या

(ख) कार्यक्षेत्र भित्र समिति बनाइएका जम्मा वडा संख्या

(ग) जम्मा समिति संख्या

(घ)समिति बनाउन बांकि वडा संख्या

२.२ समितिको नियमित बैठक बसेको छ छैन ?

(क) बैठक बसेको पटक ?

आवश्यक परेको बखतमात्र ☐

महिनामा एक पटक ☐

महिनामा न्युनतम एक पटक र आवश्यक परे बढी पटक ☐

(ख) समितिको बैठकमा को को उपस्थित हुन्छन् ?

कार्यसमितिका पदाधिकारी जति सबै ☐

समिति अन्तर्गतका समूहका सबै सदस्यहरु ☐

सबै समूहको प्रतिनिधित्व हुने गरी सदस्यहरु ☐

**३. उपलब्धी (अभिप्रासी) सूचकाङ्कः**

| सि.नं. | सूचक | मान |
|---|---|---|
| १ | सञ्चिति<br>[प्रतिसदस्य नियमित बचत रु. (जम्मा रु. / सदस्य सङ्ख्या)<br>———————————— × १००<br>रु. १५,७३० वा प्रतिसदस्य नियमित बचतमा जुन बढी हुन्छ सो] | ...% |
| २ | स्वामित्व<br>सदस्यको पुँजी रु. (शेयरपुँजी रु. +जगेडा कोष रु. +घाटापूर्ति कोष रु.)<br>———————————— × १००<br>जम्मा स्रोत रु. (सदस्यको पुँजी रु. +सदस्यको बचत रु. +अन्यत्रको ऋण रु.) | ...% |



माहादेव पन्थ
सचिव

सामाजिक विकास मन्त्री

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

| | | |
|---|---|---|
| ३ | सदस्य तर्फी नगद प्रवाह<br><br><u>पछिल्लो वर्षमा संस्थाबाट सदस्यतर्फ गएको नगद रु.</u>× १०० <br>पछिल्लो वर्षको जम्मा नगद प्रवाह (संस्थाबाट सदस्यतर्फ गएको + सदस्यबाट संस्थातर्फ आएको) रु.] | ...% |
| ४ | स्रोत परिचालन<br><u>भाखा ननाघेको ऋण रु.</u>×१०० <br>जम्मा लगानीमा रहेको ऋण रु. | ...% |
| ५ | सामेली<br><u>सदस्य सङ्ख्या</u>×१०० <br>कार्यक्षेत्रका २० वर्ष माथिका जम्मा महिला सङ्ख्या - प्रवेशिका परीक्षा उत्तीर्ण महिला सङ्ख्या] | ...% |
| ६ | नवपुस्ताको सम्मिलन<br><u>*३४ वर्ष ७ महिना मुनिका सदस्य*</u> ×१०० <br>जम्मा सदस्य ] | ...% |
| ७ | सहभागिता<br><u>समितिको पछिल्लो बैठकमा उपस्थित सदस्य</u>×१०० <br>तत्कालीन जम्मा समूह सदस्य | ...% |
| | सूचकाङ्क<br><u>१ देखि ७ सम्मको जोड</u><br>७ | ...% |
| | श्रेणीकरण<br>• ३० भन्दा तल = सङ्कटापन्न<br>• ३० -४४ = साधारण<br>• ४५-५९ = उत्तम<br>• ६०-७४ = अत्युत्तम<br>• ७५ देखि माथि = असाधारण | |
| | | |



**माहादेव पन्थ**
**सचिव**

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय

नोटः सूत्र अनुसार हिसाव यसै पानामा देखिने गरी खुलाई पठाउनु पर्नेछ। मान कसरी आएको हो भन्ने नखुलाई नम्वर मात्र पठाएको संस्थाले नम्वर पाउने छैन ।प्रतिशत ( % ) अनुसार हिसाव यसै पानामा देखिनेगरी खुलाउनु पर्नेछ।

## ४. सिर्जनशीलता

४.१ संस्थाले व्यवसायिक क्षेत्रमा गरेका उल्लेखनीय ५ वटा कार्यहरु

| सि. नं. | कार्य | कहिले गरेको | लागत | लागतको श्रोत | उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

४.२ संस्थाले सामाजिक क्षेत्रमा गरेका उल्लेखनीय ५ वटा कार्यहरु

| सि. नं. | कार्य | कहिले गरेको | लागत | लागतको श्रोत | उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

## ५. सामाजिक विकास डिभिजन कार्यालयको मूल्याङ्कन

(क) असाधारण

(ख) अत्युत्तम

(ग) उत्तम

(घ) साधारण

असाधारण वा अत्युत्तम तहको मुल्यांकन भएमा पुष्ट्याइ कारण सहित

कार्यालय प्रमुख

सामाजिक विकास मन्त्री



महादेव पन्थ
सचिव

दस्तखतः

नामः

मितिः

६. **सामाजिक विकास मन्त्रालयको मूल्याङ्कन** (क) मन्त्रालयबाट हुने मूल्याङ्कनको लागि खण्ड १ को विवरणका साथै खण्ड ४ अन्तर्गत सिर्जनशीलता र सामाजिक विकास डिभिजन कार्यालयको कार्यालय प्रमुखको मूल्याङ्कनको पुष्टयाई समेतको आधारलाई मूख्यरुपमा लिइनेछ।

**समग्र मूल्याङ्कन (सामाजिक विकास मन्त्रालयको प्रयोजनका लागि मात्र)**

| सि.नं. | आधार | पूर्णाङ्क | प्रासाङ्क |
|---|---|---|---|
| १ | ब्यबस्थापकीय कार्यकुशलता | ६ | |
| २ | वडास्तरीय समितिको सक्रियता | ४ | |
| ३ | उपलब्धी सूचकाङ्क | ७५ | जम्मा मान × ७५ / १०० |
| ४ | सिर्जनशीलता | १० | |
| ५ | सामाजिक विकास डिभिजन कार्यालयको मूल्याङ्कन | ३ | |
| ६ | सामाजिक विकास मन्त्रालयको मूल्याङ्कन | २ | |
| | जम्मा | १०० | |

(ख) उत्कृष्ट महिला सहकारी संस्था मूल्याङ्कन गर्दा अनुसूचि —१ को आधारमा अङ्कभार गणना गरिनेछ।

५. <u>छनोट समितिः</u> (१) दफा ६ बमोजिमको समितिले सिफारिस गरेको संस्थाहरुको छनोट गर्नका लागि मन्त्रालयमा देहायको एक छनोट समिति रहनेछ।

(क) सचिव सामाजिक विकास मन्त्रालय — संयोजक

(ख) उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य

(ग) उप सचिव, सामाजिक विकास मन्त्रालय — सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख, सामाजिक विकास मन्त्रालय — सदस्य

(ङ) सामाजिक विकास महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय — सदस्य

(२) समितिले आवश्यक ठानेमा बढीमा दुईजना सम्म विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकतानुसार संस्था छनोट प्रक्रियाका लागि बस्न सक्नेछ।



**माहादेव पन्थ**
**सचिव**

सुदर्शन बराल
सामाजिक विकास मन्त्री

६. **मूल्याङ्कन तथा सिफारिस समितिः** (१) सामाजिक विकास डिभिजन कार्यालयको कार्यक्षेत्र रहेको जिल्लाका महिला सहकारी संस्थाहरुको मूल्याङ्कन गरी उत्कृष्ट सहकारी संस्थाहरुको सिफारिस गर्नका लागि देहायको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ।

(क) प्रमुख, सामाजिक विकास डिभिजन कार्यालय — संयोजक

(ख) आर्थिक प्रशासन शाखाको कर्मचारी, सामाजिक विकास डिभिजन कार्यालय — सदस्य

(ग) सम्बन्धित स्थानीय तहको सहकारी मूल्याङ्कन गर्नका लागि सम्बन्धित स्थानीय तहमा महिला विकासको क्षेत्रमा काम गर्ने वा सहकारी संस्था सम्बन्धी शाखा हेर्ने कर्मचारी — सदस्य

(२) समितिले आवश्यक ठानेमा बढीमा दुईजना सम्म विषयविज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ।

७. **सुचना प्रकाशन गर्नेः** (१) सामाजिक विकास डिभिजन कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका जिल्लाहरुबाट उत्कृष्ट संस्था पुरस्कारको लागि मापदण्ड बमोजिमका आधार र सूचकहरु समेत खुलाई निवेदन पेश गर्न ३० दिनको सुचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संस्था छनोटको लागि सूचना प्रकाशन गर्दा गत आ.व. मा पुरस्कृत संस्थालाई प्रतिस्पर्धामा सहभागी नगराउने र सिफारिस पनि नगरिने व्यहोरा स्पष्ट खुलाउनु पर्नेछ।

८. **संस्था सिफारिस सम्बन्धि व्यवस्थाः** प्रकाशित सुचनाको आधारमा प्राप्त भएका संस्थाका निवेदनहरु यस मापदण्डको आधारमा मूल्याङ्कन गरी कम्तिमा दुई वटा संस्थालाई छनोट को लागि मन्त्रालयमा सिफारिस गर्नुपर्ने छ।

९. **उत्कृष्ट संस्था छनोट तथा पुरस्कार रकमः** यस मापदण्डको आधारमा सामाजिक विकास डिभिजन कार्यालयबाट जिल्लागत रुपमा सिफारिस भई मन्त्रालयबाट छनोट भएका प्रत्येक जिल्लाका उत्कृष्ट एक/एक संस्थालाई रु. एक लाखका दरले पुरस्कार रकम प्रदान गरिने छ।

१०. **बैठक भत्ता तथा सुविधाः** यस मापदण्ड अनुसार गठन भएका समितिका सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन्।

११. **प्रचलित कानून बमोजिम हुनेः** यस मापदण्डमा उल्लेख भएको विषय यसै बमोजिम र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

१२. **संशोधनः** यस मापदण्डमा मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ।

महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल,

अनुसूची — १

## उत्कृष्ट महिला सहकारी संस्था मूल्याङ्कनका आधारहरु

### १. व्यवस्थापकीय कुशलता

व्यवस्थापकीय कुशलता वापत निर्धारित ६ अङ्क मध्ये जम्मा ६ वटा शीर्षकमा अधिकतम १ गरी वितरण गर्ने। अङ्क देहाय बमोजिमको गर्ने :

#### १.१ लेखापरीक्षणको नियमितता

- २०७६।६।३० सम्म सम्पन्न गरेकोमा १
- नगरेको, त्यसपछि गरेको वा नजनाइएकोमा ०

#### १.२ साधारण सभाको नियमितता

- २०७६।९।३० सम्म बसेकोमा १
- नबसेको, त्यसपछि बसेमो वा नजनाइएकोमा ०

#### १.३ कर्मचारीको व्यवस्था

- 'छ, भन्ने जनाइएकोमा १
- 'छैन, भन्ने जनाइएको वा नजनाइएकोमा ०

#### १.४ निर्वाचनको नियमितता

- छ, भन्ने जनाइएकोमा १
- छैन, भन्ने जनाइएको ०
- छ, भन्ने जनाइएको तर निर्वाचित भएको अघिल्लो मिति २०७१ पौष वा उता उल्लेख गरेको वा मिति नै उल्लेख नगरिएकोमा ०

#### १.५ बचत एकीकरण

- पुरै सम्पन्न गरेकोमा १
- केही भएको केही बाँकी रहेकोमा ०.५
- संस्था र समितिमा छुट्टाछुट्टै गरेकोमा वा केही पनि नजनाइएकोमा ०

#### १.६ संस्थाको भौतिक अवस्था

- आफ्नै भवन भएकोमा १
- निर्माणाधिन भवन भएकोमा ०.७५
- जग्गा मात्र भएकोमा ०.५
- नभएको वा नजनाइएकोमा ०

महादेव पन्थ
सचिव

सामाजिक विकास मन्त्री

२. वडास्तरीय समितिका सक्रियता ४

निर्धारित ४ अङ्कमध्ये समिति गठनतर्फ १, बैठकतर्फ १, उपस्थितितर्फ १ र समिति अन्तर्गत व्यवसायिक समूह विकासतर्फ १ गरी वितरण गर्ने ।अङ्क देहाय बमोजिम गर्ने

२.१ समिति गठन १

- कार्यक्षेत्रका सबै वडामा गठन भैसकेकोमा १
- आधाभन्दा बढी वडामा गठन भैसकेकोमा ०.५
- आधाभन्दा घटी वडामा समिति भएको, नजनाइएको वा प्रति समिति औसत २५ भन्दा घटी सदस्य भएकोमा ०

२.२ समितिको बैठकको नियमितता

- महिनामा न्यूनतम एक पटक १
- महिनामा एक पटक ०.५
- आवश्यक परेको बखत वा नजनाइएकोमा ०

२.३ समितिको बैठकमा उपस्थिति

- समूहका सबै सदस्यहरू १
- समूहका प्रतिनिधि सदस्यहरू ०.५
- कार्यसमितिका पदाधिकारीहरू वा नजनाइएकोमा ०

२.४ समितिअन्तर्गत व्यवसायिक समूह विकास

- सो अनुसार एकवटा भन्दा बढी व्यवसायिक समूह गठन भएको १
- सो अनुसार एकवटा व्यवसायिक समूह गठन भएको ०.५
- सो अनुसार एउटै पनि व्यवसायिक समूह गठन नभएको ०

३. अभिप्रासी सूचकाङ्क

अभिप्रासी सूचकाङ्क देहाय बमोजिम गर्ने :

(क) साधारणतया संस्थाबाट प्राप्त गणनालाई मान्यता दिने;

(ख) साधारणतया सुत्रमा मान राखेको हुनुपर्ने;

(ग) सानोतिनो गणितीय गल्ति भेटिए सच्याइदिने;

(घ) गम्भीर गल्ती भेटिएको वा कुनै सूचकको मान अविश्वासनीय रूपमा बढी देखिएकोमा लेखापरीक्षण प्रतिवेदन वा अन्य कागजबाट पुष्टि हुन सक्ने भएसम्म सोको आधारमा सच्याइदिने नभए गणना गल्ती जनाएर त्यस्तो संस्थालाई मूल्याङ्कनमा समावेश नगर्ने,

(ङ) कुनै सूचकको मान छुटेको तथा गणना गरिने अङ्कहरू पनि उपलब्ध नभएकोमा बाँकी सूचकहरूको जम्मालाई ७ ले भाग गरी सूचकाङ्कको मान राखिदिने ।



महादेव पन्थ
सचिव

सामाजिक विकास मन्त्री

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

**४. अभिकार्य सूचकाङ्क**

यस अभिकार्यका लागि छुट्टयाइएको ५ अङ्क प्रदान गर्दा प्रत्येक सूचकको पुष्टयाईंलाई आधार मान्ने ।

**५. सिर्जनशीलता**

सिर्जनशीलताका लागि छुट्टयाइएको १० अङ्क प्रदान गर्दा व्यवसायिक क्षेत्र र सामाजिक क्षेत्र तर्फ क्रमश ५—५ अङ्कमा सीमित रहने ।

अङ्क सङ्ख्यात्मक रूपमा नभएर देहायका पक्षको विचार गरी समष्टिमा प्रदान गर्नेः

- कार्यको नविनता (अर्थात् प्रचलित कार्यभन्दा पृथक् कार्य हुन्, होइनन् ?)
- लागतमा अंशयारी (अर्थात् संस्थाको आफ्नो स्रोत पनि परेको हो, होइन ?)
- उपलब्धिको उल्लेखनीयता (अर्थात् विपन्न सदस्यलाई विशेष मात्रामा लाभ पुगेको हो, होइन ?)

**६. सामाजिक विकास डिभिजन कार्यालय प्रमुखको मूल्याङ्कनको लागि छुट्टयाइएको ३ अङ्क देहायबमोजिम गर्ने**

- अत्युत्तम ३
- उत्तम २
- साधारण १
- अत्युत्तम मूल्याङ्कनमा पुष्टयाईं नभएकोमा २
- नजनाइएकोमा १
- अत्युत्तममा चिन्ह नलगाइएको तर पुष्टयाईं लेखिएकोमा ३

**७. मन्त्रालयको मूल्याङ्कनमा राखिएको ३ अङ्क देहायबमोजिम प्रदान गर्ने**

- सदस्य संख्या वापत
- हिमाल १०० बढी १, घटी ०.५
- पहाड ३०० बढी १, घटी ०.५
- तराई वा भित्री मधेश ६०० बढी १, ३००—५९९०.५, ३०० घटी ०.२५
- सशक्तीकरण (समावेशीकरण, सिर्जनशीलता, व्यवसायिकता इत्यादि) बापत १ अङ्क
- मन्त्रालयको मूल्याङ्कको अङ्क प्रदान गर्दा ०.२५, ०.५, ०.७५ र १ मध्ये कुनै एकको स्तरमा गर्ने।

महादेव पन्थ
सचिव

सुदर्शन ...
सामाजिक विकास मन्त्री